मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थलङ, ताप्लेजुङ

१ नं. प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको उपस्थिति तथा निर्णय

बैठक मितिः २०७९/०७/२१ | बैठक सङ्ख्याः ४

वैठक प्रारम्भ समयः ०२:०० बजे अपरान्ह | बैठक समापन समयः ६:०० बजे अपरान्ह

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| 1. | श्री भक्त बहादुर कार्की | अध्यक्ष | | |
| 2. | श्री डण्डु लामा शेर्पा | उपाध्यक्ष | | |
| 3. | श्री ललित नारायण यादव | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| 4. | श्री राम कुमार लिम्बु | वडाअध्यक्ष | | |
| 5. | श्री झरेन्द्र प्रसाद थापा | वडाअध्यक्ष | | |
| 6. | श्री मचिन्द्र कुमार लिम्बु | वडाअध्यक्ष | | |
| 7. | श्री सदन कुमार लिम्बु | वडाअध्यक्ष | | |
| 8. | श्री ग्यान्जे शेर्पा | वडाअध्यक्ष | | |
| 9. | श्री फुपुलामु शेर्पा | सदस्य | | |
| 10. | श्री सरिता गहते | सदस्य | | |
| 11. | श्री लछीमाया विश्वकर्मा | सदस्य | | |
| 12. | श्री सलिना बराईली | सदस्य | | |
| 13. | श्री मदन कुमार विक | सदस्य | | |

**अन्य उपस्थितिः**

| | | | | |
|---|---|---|---|---|
| १ | श्री गजेन्द्र थलङ | योजना शाखा प्रमुख | | |
| २ | श्री विमल कुमार यक्सो | वडा सचिव | | |
| ३ | श्री केशव शरण अधिकारी | शिक्षा शाखा प्रमुख | | |
| ४ | श्री प्रशान्त खतिवडा | लेखा शाखा प्रमुख | | |
| ५ | श्री सुमन गिरी | सूचना प्रविधि अधिकृत | | |
| ६ | श्री घनेन्द्र थापा | निजि सचिव | | |

**प्रस्ताव नं. १, लेखा समिति गठन सम्बन्धमा।**

**निर्णय नं. १,** प्रस्ताव नं. १ माथी छलफल गर्दा निम्न बमोजिम लेखा समिति गठन गर्ने निर्णय पारित गरियो।

**निम्नः**

| | |
|---|---|
| संयोजकः | श्री झरेन्द्र प्रसाद थापा (वडाध्यक्ष) |
| सदस्यः | श्री सदन कुमार साँवा (वडाध्यक्ष) |
| सदस्यः | श्री ग्यान्जे शेर्पा (वडाध्यक्ष) |
| सदस्य सचिवः | श्री प्रशान्त खतिवडा (लेखापाल प्रमुख) |

**प्रस्ताव नं. २, योजना संचालन सम्बन्धमा।**

**निर्णय नं. २,** प्रस्ताव नं. २ माथी छलफल गर्दा आ.व. २०७९/८० को योजना संचालन सम्बन्धमा बार्षिक योजना तयार गरी योजना सर्भे तथा लागत स्टिमेट मंसिर भित्रमा तयार गर्ने र निर्माण कार्य अघि बढाउने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ३, सयपत्री सामुदायिक संस्थाको निवेदन सम्बन्धमा।**

**निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथी छलफल गर्दा सयपत्री सामुदायिक संस्था, मिक्वाखोला-०४ ले मिति २०७९/०७/१३ गते संस्थाको निर्णय सहित अस्थायी प्रहरी चौकी रहेको भवन खाली गरिपाउँ भन्ने निवेदन गाउँपालिकाको कार्यालयमा पेश भएको हुँनाले उक्त संस्थालाई भवनको आवश्यक कागजात माग गरी कार्वाही अघि बढाउने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ४, सवारी चालक सम्बन्धमा।**

**निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस मिक्वाखोला गाउँपालिकाको वोलेरो गाडी गाउँपालिका अध्यक्ष ज्यूको आदेश बमोजिम नचलाएको, गाडी सिमित स्थानमा नराखेको तथा गाडीको दुरुपयोग भएकोले सवारी चालक श्री सुवास लिम्बु लाई आजकै मितिबाट सवारी चालक पदबाट अवकास दिने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ५, जे.सि.वि.को लागि इन्धन खरिद सम्बन्धमा।**

**निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस मिक्वाखोला गाउँपालिकाको मोटरबाटो मर्मतको लागि पालिकाको जे.सि.वि. संचालनको लागि गाउँसभाबाट छुटाईएको रकम अपुग भएको कारणले पुन ईन्धन शिर्षकबाट भुक्तानी गर्ने गरी रु. २ लाख रुपैयाको ईन्धन खरिद गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ६, अवैध गोलिया निकासी सम्बन्धमा।**

**निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस मिक्वाखोला गाउँपालिका भित्रको गोलिया निकासी अवैध रुपमा भएकोले ठेक्का खुलाई निकासी कर उठाउने निर्णय पारित गरियो।

***आजको वैठक यहि अन्त्य गरियो।***